प्रति साधारण शेयर रु.१००/- अंकित दरका १६,००,००० कित्ता साधारण शेयर आयोजना अति प्रभावित क्षेत्र इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ९, १० र माई नगरपालिका वडा नं. ९ का बासिन्दाहरु तथा आयोजना प्रभावित क्षेत्र इलाम जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुको निमित्त निष्काशन गरिएको ।

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

यो साधारण शेयरको निष्काशन स्थानीय बासिन्दाहरूको लागि मात्र हो ।

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड
Himal Dolkha Hydropower Company Limited

कालोपुल, काठमाडौं, फोन नं.०१४४६२८४४
Emai:hdhp@wlink.com.np, Website: www.himaldolakhahydro.com

विवरण	वास्तविक (रु.)			दोस्रो त्रैमास	प्रक्षेपित (रु.)		
	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५	०७५/०९/३०	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
प्रति शेयर नेटवर्थ (रु.)	६०।०४	६२।१०	६५।३३	८०।७१	९७।८१	१०५।३९	११४।२२
प्रति शेयर आम्दानी (रु.)	(३.११)	२.०६	३	(०.४८)	७.५६	७.५८	८.८३
संचित नाफा/नोक्सानी (रु.)	(१७,२८,२२,५४९)	(१७,०५,६०,५२३)	(१५,६०,१७,१०५)	(१५८,१८८,६१४)	(३४,९८५,०६४)	८६,३१३,८१९	२२७,५३०,४१८

आह्वान-पत्र

आयोजना	कुल लागत रकम (रु.)	प्रति मेगावाट लागत रकम (रु.)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि
माई खोला साना जलविद्युत आयोजना (४५ मेघावाट)	७२,५१,४९,९४२.३८	१६,११,४४,४३१.६४	२४	७	१७
माई खोला क्यासकेड जलविद्युत आयोजना (८ मेघावाट)	१,४२,४७,०३,८६७.८६	१७,८०,८७,९८३.४८	३०	७	१७

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्कासन खुल्ला मिति : २०७६/०२/१४ गते
निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७६/०२/२८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७६/०३/१३ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता : १,००,००० शेयर

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७६/०१/२६ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७६/०१/२७ ।

१. कम्पनीको नाम : हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड (Himal Dolkha Hydropower Company Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल आषाढ ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ कात्तिक २७ गतेदेखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ७, कालोपुलमा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

४. जलविद्युत केन्द्र :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्रहरु इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ९, १० र माई नगरपालिका वडा नं. ९ मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

१. हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडले प्रचलित कानून बमोजिम २०६५ साल आषाढ ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ कात्तिक २७ गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईहेको छ ।

२. कम्पनीले माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति वि.सं. २०६४/०८/२० गते प्राप्त गरेको र उक्त अनुमति पत्र २०९९/०८/१९ गतेसम्म बहाल र माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति वि.सं. २०७०/०४/१५ गते प्राप्त गरेको र उक्त अनुमति पत्र मिति वि.सं. २१०५/०४/१४ गतेसम्म बहाल रहनेछ ।

३. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली व्यवस्था भए अनुसार जारी पूँजीको ४८.७५% शेयर मध्ये सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र) अर्थात अति प्रभावित क्षेत्र इलाम जिल्लाका इलाम नगरपालिका वडा नं. ९, १० र माई नगरपालिका वडा नं. ९ तथा प्रभावित क्षेत्र इलाम जिल्लाका बासिन्दाहरुका लागि १०% अर्थात रु.१०० अंकित दरका १६,००,००० कित्ता साधारण शेयर निष्काशन तथा वितरण गरिनेछ ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ९, १० मा माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट) र माई नगरपालिका वडा नं. ९ मा रहेको माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट) को सम्पूर्ण निर्माण कार्य सम्पन्न भई माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट) को मिति २०६७/१०/०१ गतेदेखि व्यापारिक उत्पादन सुरु गरी र माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट) को मिति २०७४/१२/२६ गते देखि व्यापारिक उत्पादन सुरु गरि आयोजना संचालन भैरहेको छन् ।

५. ४.५ मेगावाट तथा ८ मेगावाट क्षमताको यस आयोजनाहरुको कूल लागत रु.२,१४,९८,५३,८१०.२५ र प्रति मेगावाट उत्पादन लागत रु.१७,१९,८८,३०४.८२ र यसको Normal Payback Period ७ वर्ष र DiscountedPayback Period १७ वर्ष रहेको छ ।

६. माई खोला साना जलविद्युत आयोजना र माई साना क्यासकेड जलविद्युत आयोजनाको उत्पादन गरिएको सबै विद्युतशक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल आषाढ २५ गते र २०६९ साल फागुन १४ विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भई सकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाको व्यापारिक उत्पादन शुरु गरेको मिति देखि ३० वर्ष कायम रहनेछ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

क. माई खोला साना जलविद्युत आयोजनाबाट वार्षिक २७,५३०,१५९ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन र माई साना क्यासकेड जलविद्युत आयोजनाबाट वार्षिक ४८,३५१,२५५ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । माई खोला साना जलविद्युत आयोजनाका वर्षा यामका आठ महिनाको लागि २२,४१४,५९८ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ५,११५,५६१ किलोवाट घण्टा र माई साना क्यासकेड जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि ३९,९४२,२२२ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ८,४०९,०३३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले माई साना क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा पति कि.वा. घण्टा रु.८.४० (आठ रुपैयाँ चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date)बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि	खुख्खा याम (पौष देखि चैत्रसम्म रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्भौताको अवधि सम्म	९.६६	५.५२

- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले माई खोला साना जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.३.९० (तीन रुपैयाँ र नब्बे पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.५.५२ (पाँच रुपैयाँ र बाउन्न पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । थप कन्ट्याक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४/- (चार रुपैयाँ मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.७/- (सात रुपैयाँ मात्र) आधार मूल्य कायम गरी व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date)लाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ९(नौ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

आर्थिक वर्ष	खुख्खा याम (पौष देखि चैत्रसम्म रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म रु. प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD)	७.००	४.००
(COD) पछिको पहिलो वर्ष	७.२१	४.१२
(COD) पछिको दोश्रो वर्ष	७.४२	४.२४
(COD) पछिको तेस्रो वर्ष	७.६३	४.३६
(COD) पछिको चौथो वर्ष	७.८४	४.४८
(COD) पछिका पाँचौ वर्ष	८.०५	४.६०
(COD) पछिको छैठौं वर्ष	८.२६	४.७२
(COD) पछिको सातौं वर्ष	८.४७	४.८४
(COD) पछिको आठौं वर्ष	८.६८	४.९६
(COD) पछिको नवौं वर्ष देखि सम्भौता अवधीसम्म	८.८९	५.०८

माई खोला साना जलविद्युत आयोजनाः

- जडित क्षमता ४.५ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति २०६४/०८/२०
- विद्युत खरीद बिक्री संम्झौता २०६६/०३/२५
- विद्युत खरीद बिक्री सम्भौता वहाल रहने अवधि व्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समयसम्म । अर्थात वि.सं. २०९९/०८/१९ गते सम्म बहाल रहनेछ ।
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०६४/१/५
- व्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०६७/१०/०१
- कुल लागत रु.७२,५१,४९,९४२.३८
- प्रति मेगावाट लागत रु.१६,११,४४,४३१.६४
- कर्जा लगानी फिर्ता हुने अवधि Normal Payback Period ७ वर्ष, DiscountedPayback Period १७ वर्ष ।
- विद्युत खरीद बिक्री सम्भौताको मुख्य विवरण देहाय बमोजिम छ ।
  - ▫ विद्युत खरीद बिक्री दर सुख्खा याममा प्रति युनिट रु.७.०० र वर्षा याममा प्रति युनिट रु.४.०० रहेको छ र सो दरमा व्यापारिक उत्पादन सुरुहुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ९ पटक वृद्धि हुनेछ ।
  - ▫ सम्भौता भन्दा बढी विद्युत उत्पादन भई बिक्री गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुनेछ ।
  - ▫ व्यापारिक उत्पादन सुरुहुने मितिमा विद्युत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विद्युत लिन नसकेमा ५ प्रतिशत हर्जानाको व्यावस्था गरिएको छ ।

माईसाना क्यासकेड जलविद्युत आयोजनाः

- जडित क्षमता ८ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्रात्त मिति २०७०/०४/१५
- विद्युत खरीद बिक्री संम्झौता २०६९/१२/१४
- विद्युत खरीद बिक्री सम्भौता वहाल रहने अवधि व्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समय सम्म । अर्थात वि.सं. २१०५/०४/१४ गते सम्म बहाल रहनेछ ।
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०७०/१/१०
- व्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०७४/१२/२६
- कुल लागत रु.१,४२,४७,०३,८६७.८६
- प्रति मेगावाट लागत रु.१७,८०,८७,९८३.४८
- कर्जा लगानी फिर्ता हुने अवधि Normal Payback Period ७ वर्ष, DiscountedPayback Period १७ वर्ष ।
- विद्युत खरीद बिक्री सम्भौताको मुख्य विवरण देहाय बमोजिम छ ।
  - ▫ विद्युत खरीद बिक्री दर सुख्खा याममा प्रति युनिट रु.८.४० र वर्षा याममा प्रति युनिट रु ४.८० रहेको छ र सो दरमा व्यापारिक उत्पादन सुरुहुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ५ पटक वृद्धि हुनेछ ।
  - ▫ सम्भौता भन्दा बढी विद्युत उत्पादन भई बिक्री गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुनेछ ।
  - ▫ व्यापारिक उत्पादन सुरुहुने मितिमा विद्युत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विद्युत लिन नसकेमा ५ प्रतिशत हर्जानाको व्यावस्था गरिएको छ ।

नोटः कम्पनीको वित्तीय परिसुचक NPV=NPR. ४५,८२१,७४६,०२२, IRR=१२.३३% ROE=७.५६%

यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।
(ख) नेपाल विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।
(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्ते विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।
(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।
(ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।
(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,६०,००,००,०००/- (एक अर्ब साठी करोड मात्र) को दश प्रतिशत शेयर उद्योग वा आयोजना प्रभावित क्षेत्र को लागि रु.१६,००,००,०००/- (सोह्र करोड मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १६,००,००० कित्ता साधारण शेयर निमित्त धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही निष्कासन गर्नेछ । कम्पनीबाट निर्माण भएको जलविद्युत आयोजनाको निर्माण तथा विकासका लागि बैंकसँग सम्भौता भई लिएको ऋण चुक्ता गर्न पूँजी संकलन यस निष्कासनको मुख्य उद्देश्य हो ।

७. धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको आफ्नो जारी पूँजी रु.१,६०,००,००,०००/, (एक अर्ब साठी करोड मात्र) रहेको छ । कम्पनीले आफ्नो जारी पूँजीको १० प्रतिशत अर्थात रु.१६,००,००,०००/- (सोह्र करोड मात्र) बराबरको साधारण शेयर आयोजनाको आयोजना प्रभावित क्षेत्र (आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र) का बासिन्दाहरुलाई निष्कासन गर्नेछ । र खर्चको विवरण देहाय बमोजिम हुनेछ ।

रकम	उपयोग गरिने योजना
रु.८२,००,००,०००/- (संस्थापकबाट प्राप्त)	माई खोला जलविद्युत तथा माई साना क्यासकेट जलविद्युत आयोजना निर्माणमा खर्च भैसकेको ।
रु.१६,००,००,०००/- (स्थानीयबासीबाट प्राप्त हुने)	विभिन्न बैंकबाट लिइएको ऋण तथा तिर्नु पर्ने दायित्वहरु तिर्न प्रयोग गरिने ।
रु.६२,००,००,०००/- (सर्वसाधारणबाट प्राप्त हुने)	विभिन्न बैंकबाट लिइएको ऋण तथा तिर्नु पर्ने दायित्वहरु तिर्न प्रयोग गरिने ।

८. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१) **अधिकृत पूँजी (Authorised Capital) :** कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००/- (एक अर्ब साठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,६०,००,००० (एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
२) **जारी पूँजी (Issued Capital):** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,६०,००,००,०००/- (एक अर्ब साठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका १,६०,००,००० (एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
३) **चुक्ता पूँजी (Paid up Capital):** कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु.८२,००,००,०००/- (बयासी करोड मात्र) रहेको छ । उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दाहरुबाट रु.१६,००,००,०००/- (सोह्र करोड) चुक्ता हुने र बाँकी रु.६२,००,००,०००/- (बासाठी करोड) रकम बराबरको शेयर सार्वजनिक निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,६०,००,००,०००/- (एक अर्ब साठी करोड मात्र) हुनेछ ।

९. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्ध-पत्रको दफा ५(ङ) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

क्र.सं.	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनी	८२,००,०००	५१.२५%	८२,००,००,०००	१००
(ख)	आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दा	१६,००,०००	१०%	१६,००,००,०००	-
(ग)	सर्वसाधारणहरु (कर्मचारी समेत)	६२,००,०००	३८.७५%	६२,००,००,०००	-
	जम्मा	१६,००,०००	१००%	१६,००,००,०००	

१०. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव(सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (अन्य)
१.	श्री विरेन्द्र बहादुर न्यौपाने	५९	नेपाली	का.म.न.पा. वडा नं. ७	३२,०९,७४९	विएस्सी	- सिभिल कन्स्ट्रक्सनमा ३५ वर्ष कन्ट्याक्टर, प्रोजेक्ट म्यानेजर, प्रोजेक्ट डिरेक्टर र अध्यक्ष भई कार्य अनुभव - दोलखा निर्माण कम्पनी, हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा.लि., जोशी हाइड्रोपावर डेभलपमेष्ट कम्पनी लिमिटेड, मुललाइट हाइड्रोपावर कम्पनी लिमिटेड	हुवानिङ डेभलमेण्ट कम्पनी प्रा.लि., फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि., विग होटल प्रा.लि.मा अध्यक्षको पदमा रही कार्य अनुभव
२.	श्रीरुपमणी राजभण्डारी	५९	नेपाली	वि.उप.न.पा. वडा नं. १३	२२,८०,५००	विएस्सी	सिभिल कन्स्ट्रक्सन सम्बन्धि कार्यमा कन्ट्याक्टर, प्रोजेक्ट म्यानेजर र प्रोजेक्ट डिरेक्टरको कार्य अनुभव ।	-
३.	श्रीमती निरा श्रेष्ठ	५४	नेपाली	वि.उप.न.पा. वडा नं. १३	१,२१,५००	आइ.ए.	२०६४ सालदेखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा आधारभुत शेयरधनी तथा २०७४ साल देखि यसै कम्पनीको अध्यक्ष पदमा बाहाल भई कार्य गरिरहेको	-
४.	श्री दिनानाथ दहाल	६५	नेपाली	का.म.न.पा. वडा नं. १०	१००,०००	वि.ई. सिभिल	१० वर्ष देखि हाइड्रोपावर निर्माण तथा संचालनमा अनुभव रहेको	-
५.	श्री उमेश सिंह भण्डारी	५१	नेपाली	का.म.न.पा. वडा नं. १०	१,५०,०००	एमबिए	विगत २० वर्ष देखि वित्तीय संस्थाहरुमा आवद्ध रहेको	-
६.	श्रीमती मनु श्रेष्ठ	५६	नेपाली	का.म.न.पा. वडा नं. १०	१,४३,०००	विकम	२०६४ सालदेखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा आधारभुत शेयरधनी तथा २०७४ साल देखि यसै कम्पनीको संचालक पदमा बहाल भई कार्य गरिरहेको	-
७.	श्री सुकुराम श्रेष्ठ	६०	नेपाली	का.म.न.पा. वडा नं. ९	१,२०,०००	आइ.ए.	-	विगत २५ वर्षदेखि व्यापार व्यवसायमा
८.	श्री नविन श्रेष्ठ	३५	नेपाली	का.म.न.पा. वडा नं. ९	१,२०,०००	आइ.ए.	-	विगत २५ वर्षदेखि व्यापार व्यवसायमा
९.	श्री विजु राउत	६०	नेपाली	का.म.न.पा. वडा नं. २२	२,२५,०००	वि.कम.	-	विगत २५ वर्षदेखि मानपवार कम्पनी आवद्ध
१०.	श्रीमती भगवती चौधरी	५७	नेपाली	दुहवी भलुवा न.पा. वडा नं. ३	५,७०,०००	वि.कम.	-	विगत १५ वर्षदेखि लघुवित्त वित्तीय संस्थामा आवद्ध

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्रीमती निरा श्रेष्ठ	अध्यक्ष	५४	नेपाली	विराटनगर, उप.म.न.पा वडा नं.१३	१,२१,५००	आइ.ए.	एनजिओ हातेमालो समूह, कुसुन्ती, ललितपुरमा आवद्ध रही विभिन्न सामाजिक कार्यमा संलग्न रहेको, २०६४ साल देखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.मा आधारभुत शेयरधनी तथा २०७४ साल देखि यस कम्पनीको अध्यक्ष पदमा बहाल भई कार्य गरिरहेको ।
२.	श्री मनु श्रेष्ठ	सञ्चालक	५६	नेपाली	का.म.न.पा १०	१,४३,०००	वि.कम.	विभिन्न सामाजिक कार्यमा संलग्न रहेको, २०६४ साल देखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.मा आधारभुत शेयरधनी तथा २०७४ साल देखि यसै कम्पनीको संचालक पदमा बहाल भई कार्य गरिरहेको ।

कम्पनीको नियमावलीमा संस्थापक समूहतर्फबाट ३ जना संचालक नियुक्त हुने व्यवस्था रहेकोमा हाल १ जना संचालक रिक्त रहेको र सो रिक्त पद सर्वसाधारणमा शेयर जारी पश्चात् गरिने साधारणसभा मार्फत् नियुक्त गरिनेछ ।

११. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	योग्यता	पद	कार्यानुभव
१	रन्जना दाहाल	एमबिए	प्रमुख कार्यकारी अधिकृत	• २०६७ सालदेखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.मा १३ वर्ष देखि प्रमुख कार्यकारी अधिकृत को रुपमा कार्यरत • मिति २०६२ असार देखि २०६७ सालसम्म दोलखा निर्माण कम्पनी प्रा.लि.मा ५ वर्षको जेनेरल म्यानेजरको रुपमा कार्यानुभव ।
२	कल्याण विक्रम न्यौपाने	विइ सिभिल	प्रोजेक्ट म्यानेजर	२०६७ सालदेखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.मा आवद्ध ।
३.	वेद प्रकाश विष्ट	विविएस	लेखा अधिकृत	२०६७ सालदेखि हालसम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.मा आवद्ध ।

१२. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ६(छ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	३ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू (पछि नियुक्ति गरिनेछ)	२ जना
व्यवसायिक विशेषज्ञबाट सञ्चालक	१ जना
जम्मा	६ जना

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा ५०० (पाँच सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१३. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१४. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात

सम्पत्ति तथा जायजेथा	वास्तविक (रु.मा)		
	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५
सम्पत्ति			
सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	६१०,१६५,४५२.००	५८७,६९७,९५६.००	१,९८९,७४६,१७६.००
निर्माणाधिन परियोजना	८८८,७०५,४७२.००	१,३१६,८०१,१३७.००	-
न्यून : संचित ह्रास	-	-	-
कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	-	-	-
लगानी	-	-	२९४,९६२,०००.००
जम्मा दिर्घकालिन सम्पत्ति	१,४९८,८७०,९२४.००	१,९०४,४९९,०९२.००	२,२८४,७०८,१७६.००
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	११०,७०१.००	३,४८८,७६४.००	१०,२९१,७५२.००
पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी	१३४,९४६,५५४.००	१,०३३२,४४७.००	१,७३०,३४२.००
विविध सम्पत्ति	१५,९९१,४९६.००	१८,८०६,७९१.००	५,०७६५,७३४.००
जम्मा चालु सम्पत्ति	१५१,०४८,७५१.००	३२,६२८,००२.००	६२,७८७,८२८.००
जम्मा चालु दायित्व	-	-	-
खुद चालु सम्पत्ति	-	-	-
जम्मा सम्पत्ति	१,६४९,९१९,६७५.००	१,९३७,१२७,०९४.००	२,३४७,४९६,००४.००

पूँजी तथा दायित्व	वास्तविक (रु.मा)		
	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५
पूँजी			
शेयर पूँजी	४५०,०००,०००.००	४५०,०००,०००.००	४५०,०००,०००.००
शेयर वापत अग्रीम भुक्तानी	१४९,०४१,७१४.००	२६३,१४४,०००.००	३७०,०००,०००.००
संचित जगेडा तथा कोष/(घाटा)	(१७९,८२२,५४९.००)	(१७०,५६०,५२३.००)	(१५६,०१७,१०५.००)
जम्मा	४१९,९१९,१६५.००	५४२,५८३,४७७.००	६६३,९८२,८९५.००
दिर्घकालिन ऋण	१,१४२,४७०,४२७.००	१,३०५,२४२,९९०.००	१,५७३,२७७,१९२.००
सुरक्षित आवधिक कर्जा	-	-	-
जम्मा दिर्घकालिन ऋण	-	-	-
चालु दायित्व तथा व्यवस्था	-	-	-
छोटो अवधि सापटी	७,५३९,०८१.००	-	१४,५००,०००.००
व्यवसायिक तथा अन्य दायित्व	७९,९९१,००३.००	८९,३००,७२७.००	९५,७३५,९१७.००
अग्रिम करकट्टि दायित्व	-	-	-
जम्मा चालु दायित्व तथा व्यवस्था	१,२३०,०००,५११.००	१,३९४,५४३,६१७.००	१,६८३,५१३,१०९.००
जम्मा पूँजी तथा दायित्व	१,६४९,९१९,६७६.००	१,९३७,१२७,०९४.००	२,३४७,४९६,००४.००

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.मा)		
	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५
विद्युत बिक्री आम्दानी	७८,०२६,६६९.००	८९,१४३,७९३.००	१२०,७९९,०९८.००
न्यूनः रोयल्टी खर्च	१,७८९,०५९.००	२,१८४,१७८.००	३,०५७,४२६.००
न्यूनः परियोजना खर्च	७,४२७,५२९.००	४,१२७,८३८.००	१०,९४३,६९६.००
खुद नाफा	६८,८१०,०८१.००	८२,८३१,७७७.००	१०६,७९८,६६७.००
जोड : अन्य आम्दानी	-	-	१,४११,०१८.००
न्यूनः	-	-	-
सञ्चालन खर्चहरु			
प्रशासनिक तथा अन्य खर्च	१२,०१४,१६३.००	४,७२५,२३९.००	१०,५३५,१९८.००
नेपाल बिद्युत प्राधिकरण शुल्क			
सञ्चालन नाफा	५६,७९५,९१८.००	७८१,०६,५३८.००	९७,६७४,४८८.००
गैर सचालन खर्चहरु			
आर्थिक खर्च	४८,२९८,०७६..००	४६,३७७,०१५.००	४८,५०३,१२१.००
ह्रास खर्च	२२,४७४,०६८.००	२२,४६७,४९६.००	३४,६२७,९४९.००
कर अघिको नाफा/(नोक्सानी)	(१३,९७६,२२६.००)	९,२६२,०२६.००	१४,५४३,४१८.००
चालु आयकर	-	-	-
डेफर्ड आयकर	-	-	-
खुद नाफा/(नोक्सानी)	(१३,९७६,२२६.००)	९,२६२,०२६.००	१४,५४३,४१८.००

१५. आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

सम्पत्ति तथा जायजेथा	प्रक्षेपित (रु.मा)		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
सम्पत्ति			
स्थीर सम्पत्ति	१,९६१,७२०,२८४	१,८८९,७२२,९२६	१,८१७,७३४,०८९
लगानी	५७०,०००,०००	५७०,०००,०००	५७०,०००,०००
जम्मा स्थीर सम्पत्ति	२,५३१,७२०,२८४	२,४५९,७२२,९२६	२,३८७,७३४,०८९
चालु सम्पत्ति	-	-	-
नगद तथा बैंक मौज्दात	३२,०८१,२८३	१०१,३३२,८०४	१९०,४७७,९२६
पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी	५६,४९०,५६१	५७,५३५,२८१	५८,५९५,५९६
निर्माणाधिन परियोजना	-	-	-
विविध आसामी	-	-	-
जम्मा चालु सम्पत्ति	८८,५७१,८४४	१५८,८६८,०८५	२४९,०७३,५२२
जम्मा चालु दायित्व	-	-	-
खुद चालु सम्पत्ति	-	-	-
जम्मा सम्पत्ति	२,६२०,२९२,१२८	२,६१८,५९१,०११	२,६३६,८०७,६१०

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.मा)		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
पूँजी			
शेयर पूँजी	१,६००,०००,०००.००	१,६००,०००,०००.००	१,६००,०००,०००.००
थप तथा जगेडा	(३४,९८५,०६४)	८६,३१३,८१९	२२७,५३०,४१८
जम्मा	१,५६५,०१४,९३६	१,६८६,३१३,८१९	१,८२७,५३०,४१८
दिर्घकालिन ऋण	१,०५०,२७७,१९२	९२७,२७७,१९२	८०४,२७७,१९२
सुरक्षित आवधिक कर्जा	-	-	-
जम्मा दिर्घकालिन ऋण	१,०५०,२७७,१९२	९२७,२७७,१९२	८०४,२७७,१९२
चालु दायित्व तथा व्यवस्था	-	-	-
छोटो अवधि सापटी	-	-	-
व्यवसायिक तथा अन्य दायित्व	५,०००,०००.००	५,०००,०००.००	५,०००,०००.००
अग्रिम करकट्टि दायित्व	-	-	-
जम्मा चालु दायित्व तथा व्यवस्था	५,०००,०००.००	५,०००,०००.००	५,०००,०००.००
जम्मा पूँजी तथा दायित्व	२,६२०,२९२,१२८	२,६१८,५९१,०११	२,६३६,८०७,६१०

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.मा)		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
विद्युत बिक्री आम्दानी	*३३८,९४३,३६५.००	३४५,२११,६८३.००	३५१,५७३,५७४.००
जोडः अन्य आम्दानी	-	-	-
जम्मा आम्दानीः	३३८,९४३,३६५.००	३४५,२११,६८३.००	३५१,५७३,५७४.००
न्यूनः	-	-	-
रोयल्टी खर्च	८,०२८,६६७.००	८,१५४,२३४.००	८,२८१,४७१.००
परियोजना खर्च	१६,२७२,००६.००	१६,७६०,१६६.००	१७,२६२,९७१.००
न्यूनः	-	-	-
सञ्चालन खर्चहरु	-	-	-
प्रशासनिक खर्च	५,७०१,२५४.००	५,८७२,२९२.००	६,०४८,४६१.००
नेपाल बिद्युत प्राधिकरण शुल्क	-	-	-
सञ्चालन नाफा	३०,८९,४१,२३८.००	३१४,४२४,९९१.००	३१९,९८०,६७१.००
न्यूनः	-	-	-
गैर सचालन खर्चहरु	-	-	-
आर्थिक खर्च	१५,७४,१३,२६३.००	१,१८६,५३,२६३.००	१०,३८,९३,२६३.००
ह्रास खर्च	२८,०२५,८९२	७१,९९७,३५८	७१,९८८,८३८
ब्याज खर्च	-	-	-
कर र बोनस अघिको नाफा/(नोक्सानी)	१२३,५०२,०८३	१२३,७७४,३७०	१४४,०९८,५७०
न्यूनः	-	-	-
कर्मचारी बोनसको व्यवस्था	२,४७०,०४२	२,४७५,४८७	२,८८१,९७१
कर अघिको नाफा/(नोक्सानी)	-	-	-
चालु आयकर	-	-	-
डेफर्ड आयकर	-	-	-
खुद नाफा / (नोक्सानी)	१२१,०३२,०४१	१२१,२९८,८८३	१४१,२१६,५९९

चालु आ.व.को दोश्रो त्रैमास (२०७५ पौष मसान्त) को अपरिष्कृत वित्तीय विवरणमा Income From Sale of electricity वापत "माई साना जलविद्युत आयोजना ४.५ मे.वा." को रकम रु.९९,५७५,५१४/- मात्र देखाइएको छ ।
२०७५ पौष मसान्तमा दोश्रो आयोजना "माई साना क्यासकेड जलविद्युत आयोजना-८ मे.वा." को व्यापारिक उत्पादन मिति २०७४/१२/२६ मा प्रारम्भ भई विद्युत उत्पादन हुँदै आएकोमा नेपाल विद्युत प्राधिकरणबाट २०७५ पुस मसान्तसम्म मिटर रिडिङ्ग (Meter Reading) को कार्य सम्पन्न भई नसकेकोले सो वापतको आम्दानी पुस मसान्तको वित्तीय विवरणमा समावेश नगरिएकोमा सो मिति पश्चात मिटर रिडिङ्गको कार्य सम्पन्न भएकोले आ.व. २०७५/७६ को अन्त्यको वित्तीय विवरणमा Income From Sale of electricity अन्तर्गत पहिलो आयोजना "माई साना जलविद्युत आयोजना ४.५ मे.वा." को रु.१२७,४५४,७७७/- र दोश्रो आयोजना "माई साना क्यासकेड जलविद्युत आयोजना-८ मे.वा."को रु.२११,४८६,५८७/- गरी आ.व. २०७५/७६ को अन्त्यसम्ममा कुल रु.३३८,९४३,३६५/- हुने प्रक्षेपण गरिएको छ ।

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल

(रु.हजारमा)

विवरण	वास्तविक (रु.हजारमा)				प्रक्षेपित (रु.हजारमा)		
	आ.व.२०७२/०७३	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५	पौष मसान्त	आ.व.२०७६/०७७	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९
चुक्ता पूँजी	४५०,०००	४५०,०००	४५०,०००	४५०,०००	१,६००,०००	१,६००,०००	१,६००,०००
जगेडा तथा कोषहरु	(१७९,८२३)	(१७०,५६१)	(१५६,०१७)	(१५८,१८९)	(३४,९८५)	८६,३१४	२२७,५३०
कुल	२७०,१७७	२७९,४३९	२९३,९८३	२९१,८११	१,५६५,०१५	१,६८६,३१४	१,८२७,५३०
घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२७०,१७७	२७९,४३९	२९३,९८३	२९१,८११	१,५६५,०१५	१,६८६,३१४	१,८२७,५३०
शेयर संख्या (हजारमा)	४,५००	४,५००	४,५००	४,५००	१६,०००	१६,०००	१६,०००
प्रति शेयर नेटवर्थ (रु.)	६०.०४	६२.१०	६५.३३	६४.८५	९७.८१	१०५.३९	११४.२२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	-५.१७%	३.३१%	४.९५%	-०.७४%	७.७३%	७.१९%	७.७३%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा							३.३२%

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल १.०३

द्रष्टव्यः कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि जि.पौड्याल एण्ड एशोसियट्का चार्टड एकाण्टेण्ट श्री घनश्याम पौड्यालले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८
१. कुल आयमा औसत बृद्धिदर	१७७.३४%	१.८५%	१.८४%
२. कुल खर्चमा औसत बृद्धिदर	२२.२८%	२.६२%	२.६२%
३. संचालन खर्च तथा कुल आम्दानी अनुपात	८.८५%	८.९२%	८.९९%
४. खुद मुनाफामा औसत बृद्धिदर	७३२.२१%	०.२२%	१६.४२%
५. आयकर व्यवस्था (प्रतिशतमा)	-	-	-
प्रति शेयर आम्दानी	७.५६	७.५८	८.८३
अन्य संचालन खर्चका बृद्धिदर	१२६.०४%	२.७८%	-७.४४%
Return on Equity	७.५६%	७.५८%	८.८३%
Return on Assets	४.६२%	४.६३%	५.३६%

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :

१) कम्पनीले आ.व २०७५/०७६ मा सर्वसाधारणलाई छुट्याईएको रु.७८०,०००,०००/- बराबरको शेयर निष्काशन गरिने योजना रहेको छ ।
२) शेयर निष्काशनबाट प्राप्त रकम बैंकको ऋण तथा अन्य दाईत्व तिर्नका लागि उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।
३) कुनै पनि सम्पत्ति थप नहुने प्रक्षेपण गरिएको छ तथा ह्रास खर्च कम्पनीको ह्रासकट्टि निति अनुसार १% का दरले प्रक्षेपण गरिएको छ ।
४) विद्युत बिक्रीको २ महिना बराबरको रकम पाउनुपर्ने हिसाबमा देखाइएको छ ।
५) पेश्कि ऋण तथा धरौटी, नगद तथा बैंक मौज्दात र चालु तथा अन्य दाईत्व विगतको परीणामहरुको आधारमा प्रक्षेपण गरीएको छ ।
६) कुनैपनि आर्थिक बर्षमा लाभांस वितरणको प्रक्षेपण गरिएको छैन ।
७) विद्युत बिक्रीबाट हुने आम्दानी विद्युत खरीद बिक्री सम्भौतामा भएको प्रावधान तथा विगतको परीणामहरुको आधारमा प्रक्षेपण गरिएको छ ।
८) रोयल्टि खर्च विद्युत खरीद बिक्री सम्भौतामा भएको प्रावधानको आधारमा प्रक्षेपण गरिएको छ ।
९) परियोजना खर्च बार्षिक ३% का दरले बृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
१०) प्रशासनिक तथा अन्य खर्चमा बार्षिक ३% का दरले बृद्धि हुनेगरी प्रक्षेपण गरिएको छ ।
११) कर्मचारी बोनस खर्च खुद नाफाको २% प्रक्षेपण गरिएको छ ।
१२) कम्पनी करछुट अवधीमा भएकाले आयकरको व्यवस्था गरिएको छैन ।

१६. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) **वित्तीय साधनको अभाववाट हुने जोखिम :**
- संचालनमा रहेको जलविद्युत आयोजनामा वित्तिय जोखिम नरहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम नरहेको ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैंकबाट पनि ऋण प्राप्त गरिसकिएकोले वित्तिय साधनको अभाव कुनै पनि जोखिम नहुने ।

ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :**
- जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भै सकेको हुनाले कच्चा पदार्थहरुको अभावबाट कुनै पनि जोखिम नहुने ।

ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :** हालको अवस्थामा - विद्युतको बजारको जोखिम नरहेको ।
घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखीम :** सो नभएको ।
ङ) **विदेशी विनिमयको जोखिम :** बिदेशी विनिमय जोखिम नरहेको ।
च) **कानुनी प्रकृयाहरु तथा इजाजत प्राप्त गर्नु पर्ने सोबाट पर्न सक्ने अवरोधहरु :** अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।
छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।
ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

झ) **संचालन इतिहासको अभाव :** आयोजना सफलतापूर्वक सञ्चालनमा रहेको हुदा जोखिम न्यून रहेको र भविष्यमा निर्माण गरिने आयोजनामायस अनुभवलाई संघाल्दै त्रुटि सच्याउदै अभ्र प्रतिफल मुलक आयोजना निर्माण गरिने छ ।
ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :** जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।
ट) **अन्य :**
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाको अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यकस यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ ।

८ मेगावाट माई साना क्यास्केटको बिमा सम्बन्धी विवरण :

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमांक रकम(रु.)	बिमा अवधि	बिमा शुल्क(रु.)
१	Civil works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	७३,७८,३३,०००	सेप्टेम्बर १४,२०१८ देखि सेप्टेम्बर १३,२०१९	१९,५२,०७२.९९
२	Hydromechanical works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	८,६७,११,०००	सेप्टेम्बर १४,२०१८ देखि सेप्टेम्बर १३,२०१९	२,२७,५६५.१४
३	Electromechanical works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	१६,४९,५५,०००	सेप्टेम्बर १४,२०१८ देखि सेप्टेम्बर १३,२०१९	५,६३,३२१.३३
४	Transmission line & Substation	एभरेष्ट इन्स्योरेन्स कं.लि.	८०,००,०००	सेप्टेम्बर १४,२०१८ देखि सेप्टेम्बर १३,२०१९	२९,३२०
५	Permanent Infrastructure	एभरेष्ट इन्स्योरेन्स कं.लि.	४०,००,०००	सेप्टेम्बर १४,२०१८ देखि सेप्टेम्बर १३,२०१९	११,५८०

४.५ मेगावाट माई खोला साना जलविद्युतको बिमा सम्बन्धी विवरण :

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमांक रकम(रु.)	बिमा अवधि	बिमा शुल्क(रु.)
१	Civil works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	३६,७२,३६,२७०	मे,१६,२०१८ देखि मे १५, २०१९	७,४३,६५३.४५
२	Hydromechanical works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	५,१४,७३,८०२	मे,१६,२०१८ देखि मे १५, २०१९	१,४७,९८७.१८
३	Electromechanical works	एभरेष्ट इन्स्योरेन्स कं.लि.	१२,०६,११,४२७	मे,१६,२०१८ देखि मे १५, २०१९	४,२२,७४३.०६
४	Transmission line & Substation& Permanent Infrastructure	एभरेष्ट इन्स्योरेन्स कं.लि.	४,६९,६३,८७०	मे,१६,२०१८ देखि मे १५, २०१९	१,६४,६०८.३७

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखीम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. सकारात्मक पक्षहरु :

१. आयोजनाबाट प्राप्त हुने आयमा ७ वर्ष (२०७७ सालसम्म) आयकर छुट तथा सो पश्चात् ३ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
२. माई खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१८. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । (१) शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ (२) बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ (३) बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ (४) उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ (५) शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ (६) शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ ।
साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्यभूतीकर्ताहरु बीच भएको प्रत्यभूती सम्बन्धि सम्झौतेतार्फतहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ ।

ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र सम्बन्धि निर्देशिका (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदकको बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :** निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र आयोजना प्रभावित स्थानीय बासिन्दाहरुलाई शेयर प्रमाण पत्र वितरण गरिनेछ र सर्वसाधारणको लागि निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्बन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

ङ) **धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

च) **धितोपत्र सुचिकरण भैसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।

१९. आवेदन दिदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु

इलाम जिल्लाको आयोजना अति प्रभावित तथा प्रभावित स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फाममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने स्थानीय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फाममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईसराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी लमजुङ जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फाराम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१२. उद्योग अति प्रभावित तथा क्षेत्रका प्रभावित बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।
१३. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१४. उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing Houseको सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१६. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१७. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।
१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।
१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।
२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणालीमार्फत आवेदन दिन सक्ने छ ।

२०. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं ७, कालोपुल वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटल लिमिटेड, जमल, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००,००० (एक लाख) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम,ठेगाना	सम्पर्क व्यक्ती	फोन नं.
१.	लक्ष्मी बैंक लिमिटेड,चोक बजार, इलाम	प्रदिप ढकाल	०२७- ५२१७९३/९८४१९५५३९१
२.	एभरेष्ट बैंक लिमिटेड, फिक्कल, इलाम	बिकि कडेल	०२७-५४०५४७
३.	सिद्धार्थ बैंक लिमिटेड, इलाम	गोबिन्द घिमिरे	०२७-५२०७६६/९८५२६८०३५२
४.	सेन्चुरी कमर्सियल बैंक लि., भानुपथ, ईलाम	भेशराज खड्का	०२७-५२१४५१/४२७
५.	ग्लोबल आएमई बैंक लिमिटेड, फिक्कल, इलाम	भुपाल घिमिरे	०२७-५४०४७२
६.	नेपाल एसबिआई बैंक लिमिटेड, इलाम	दिपेन्द्र ठाकुर	०२७-५२१७२४/९८५१११२०९६
७.	माछापुच्छ्रे बैंक लिमिटेड, इलाम	सुबोध गोपाल जोशी	०२७-५२१७१०/९८०७३८७८७०
८.	आयोजना स्थल-इलाम नगरपालिका वडा नं.९ र १०	आकाश चौधरी	९८४२०३११११४/९८०२०६२४६२
९.	नेपाल धितोपत्र बोर्ड बाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणालीमार्फत आवेदन दिन सक्ने छ ।		

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं	००५३४०११२०४

साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ (तीन) दिन भित्र बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत प्रथम चरणमा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३०(तीस)दिन हुनेछ । उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थापक लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दाश्रो चरणको दरखास्त खुल्लाभएको मितिले बढीमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।आवश्यकता भन्दा बढी साधरण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिने छ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयरको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धमा :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि केयर रेटिङ नेपालले औसत भन्दा कम आधारहरु (Below-Average Fundamentas) जनाउने "CARE-NP IPO Grade 4" मिति २७ मार्च २०१९ प्रदान गरेको छ र सो रेटिङको बहाल अवधि मार्च २६,२०२० (१३/१२/२०७६) सम्म रहेको छ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा नलिना श्रेष्ठलाई फोन नः ४२२२४६६०, मा सम्पर्क गर्न सकिनेछ । Email::info@globalimecapital.com.np



दरखास्त फारमको नमूना

हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड
Himal Dolkha Hydropower Company Limited

साधारण शेयर खरिद दरखास्त फाराम

आवेदकको हालसालै खिचिएको फोटो (अनिवार्य)

कोड नं.

श्री संचालक समिति,
हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड
कालोपुल, काठमाडौं, नेपाल ।

हितग्राही खाता नं. DP ID / Client ID

महाशय,

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम	मिति २०७६/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
चेक लिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम			
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.	
निवेदकको पूरा नाम	In English Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना / Permanent Address	वडा नं. / Ward No.	घर नं. / House No.	गा.बि.स./न.पा. / VDC/Municipality; जिल्ला / District
सम्पर्क ठेगाना			
P.O. Box No.	P.O. Box District	नागरिकता प्रमाण-पत्र नं.	
PAN No.	Contact. No.	नागरिकता जारी गरेको स्थान	
बाबुको नाम / Father's Name			
बाजेको नाम / Grandfather's Name			
पति/पत्नीको नाम			
संरक्षकको नाम / Guardian's Name (Incase of minor)			

निवेदकको दस्तखत

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

रसिद
दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name	
Company's Name	Himal Dolkha Hydropower Company Limited
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited (Rs.)
Amount in Words	

For Official Use Only:
Received by:
Date:
Stamp
Code No.

Global IME Capital Limited
GROW WITH US

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com